# मानव बेचबिखन फिल्डबुक

**बँधुवा मजदुर मुक्ति तथा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण विषयक कार्य सञ्चालन निर्देशिका नेपालमा**

बँधुवा मजदुरसम्बन्धी कसुरदारलाई फौजदारी कारवाही गर्ने (अनुसन्धान तथा अभियोजन) प्रकृया



मानव बेचबिखन फिल्डबुक
बँधुवा मजदुरसम्बन्धी कसुरदारलाई फौजदारी कारवाही गर्ने (अनुसन्धान तथा अभियोजन) प्रकृया

एनजीओ र उनिहरुका वकिलहरुको लागि ह्यान्डबुक

यदि तपाइँलाई यो पुस्तिका तपाइँको वकालतमा उपयोगी लाग्छ भने, कृपया यसलाई नेपालमा काम गर्ने अरु संग साझा गर्न नहिचकिचाउनुहोस्। यो सीमित क्रिएटिभ कमन्स इजाजतपत्र अन्तर्गत प्रतिलिपि अधिकार गरिएको छ जसले अनुमति बिना यस पुस्तिकाको प्रतिलिपि गर्न र वितरण गर्न अनुमति दिन्छ, जबसम्म कुनै आर्थिक लाभ प्राप्त हुँदैन र न्याय भेन्चर इन्टरनेशनललाई क्रेडिट दिइन्छ। यदि तपाइँ यसलाई हार्ड प्रतिलिपिको रूपमा पढ्दै हुनुहुन्छ भने, तपाइँ info@justiceventures.org मा सम्पर्क गरेर सफ्ट प्रतिलिपि प्राप्त गर्न सक्नुहुन्छ।

यो काम क्रिएटिभ कमन्स एट्रिब्युशन गैर-वाणिज्यिक 4.0 अन्तर्राष्ट्रिय इजाजतपत्र अन्तर्गत इजाजतपत्र दिइएको छ।
Justice Ventures International द्वारा उत्पादित

http://www.justiceventures.org/

# बँधुवा मजदुरसम्बन्धी कसुरदारलाई फौजदारी कारवाही गर्ने (अनुसन्धान तथा अभियोजन) प्रकृया (रेखाचित्र)

**चरण: १**
प्रहरी समक्ष जाहेरी दरखास्त वा उजुरी गर्ने

**चरण: २**
अभियुक्तलाई पक्राउ गर्ने

**चरण: ३**
जाहेरीपछिको अनुसन्धान

**चरण: ४**
सरकारी वकिललाई मुद्दाको फाइल साथ प्रारम्भिक प्रतिवेदन पेश गर्ने

**चरण: ५**
अभियोगपत्र दायर गर्ने

**चरण: ६**
छुट्टै निजी कानुन व्यवसायी नियुक्ति गर्ने (वकालतनामा)

**चरण: ७**
अभियुक्तलाई धरौटीमा नछोड्ने पक्षमा बहस पैरवी गर्ने

**चरण: ८**
बँधुवा श्रम सुविधा

**चरण: ९**
साक्षी बकपत्रको तयारी तथा सोको लागि अदालतमा उपस्थिति

**चरण: १०**
बहस र सुनुवाइमा उपस्थित हुने

**चरण: ११**
जाहेरीपछिको अनुसन्धान

**चरण: १२**
माथिल्ला तहको प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय वा राष्ट्रिय मानव अधिकार आयोग समक्ष उजुरी दर्ता गर्ने

**चरण: १३**
उच्च अदालत समक्ष रिट/पुनरावेदन दायर गर्ने

**चरण: १४**
सर्वोच्च अदालतमा रिट निवेदनपत्र/पुनरावेदनपत्र दायर गर्ने

## चरण १ प्रहरी समक्ष जाहेरी दरखास्त वा उजुरी गर्ने

| गैरसरकारी संस्था | कानुन व्यवसायी |
|---|---|
| गै.स.स.ले सम्बन्धित स्थानीय प्रहरी कार्यालयमा उजुरी गर्नको लागि कानुन व्यवसायीसँग समन्वय गरी पीडितको तर्फबाट दरखास्त तयार गर्न र दर्ता गर्न सहयोग गर्ने । | कानुन व्यवसायीले पीडितको अधिकार उल्लंघन भएको व्यहोरा उल्लेख गरी जाहेरी दरखास्तको मस्यौदा तयार गर्ने । उक्त मस्यौदामा कानुन व्यवसायीले कमैया श्रमसम्बन्धी ऐन, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४/२००७, राष्ट्रिय दण्ड (संहिता) ऐन, तथा अन्य कुनै पनि लागू हुने ऐनअन्तर्गत सूचीकृत सबै सम्बन्धित अपराधहरुसमेतलाई उल्लेख गरी सम्बन्धित प्रहरी कार्यालयबाट दर्ता भएको सुनिश्चित गर्नुपर्छ । |

## चरण २ अभियुक्तलाई पक्राउ गर्ने

| गैरसरकारी संस्था | कानुन व्यवसायी |
|---|---|
| गै.स.स.ले आपराधिक कार्यमा संलग्न सम्पूर्ण अभियुक्तहरु मुख्यतया बालश्रमका अभियुक्तहरुलाई तत्काल पक्रन प्रहरीलाई सहयोग गर्नुपर्ने । | कानुन व्यवसायीले ती अभियुक्तहरुलाई तत्काल पक्रन तथा तिनीहरुमाथि अनुसन्धानका कार्य गर्न प्रहरीलाई सहयोग तथा समन्वय गर्नुपर्ने । |

## चरण ३ जाहेरीपछिको अनुसन्धान

| गैरसरकारी संस्था | कानुन व्यवसायी |
|---|---|
| गै.स.स.ले मुद्दाको जानकारी दिन, समन्वय गर्न लगायत प्रमाण संकलन गर्न तथा अभियुक्तको ठेगाना पत्ता लगाउन र अनुसन्धान प्रकृयामा सहयोग गर्ने । | कानुन व्यवसायीले अनुसन्धान प्रकृयाभर प्रहरीलाई आवश्यकता अनुसार कानुनी सहायता दिनुपर्ने । |

## चरण ४ सरकारी वकिललाई मुद्दाको फाइल साथ प्रारम्भिक प्रतिवेदन पेश गर्ने

| गैरसरकारी संस्था | कानुन व्यवसायी |
|---|---|
| प्रहरीले मुद्दाको फाइलसँगै पेश गरेको प्रारम्भिक प्रतिवेदनमा के कस्तो राय उल्लेख भएको छ भन्ने बारे कानुनी व्यवसायीसँग जानकारी लिनुपर्ने । | अभियोजनको मस्यौदा तयार गर्न र मुद्दा दर्ता गर्ने काम समयमै सकियोस भन्नका लागि कानुन व्यवसायीले ऐन बमोजिम तोकेको म्यादभित्र प्रहरीले विना ढिलासुस्ती राय पेश गरे वा नगरेको सुनिश्चित गर्नुपर्दछ । |



## चरण ५ अभियोगपत्र दायर गर्ने

| गैरसरकारी संस्था | कानुन व्यवसायी |
|---|---|
| गै.स.स.ले कानुन व्यवसायीसँग समन्वय गरी कानुन बमोजिम उचित रुपमा अभियोगपत्र दायर भएको छ भन्ने कुरा सुनिश्चित गर्ने । | कानुन व्यवसायीले प्रहरी तथा सरकारी वकिलसँग नजिक रही तोकिएको समयमा अभियोग पत्र दायर गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने । |

## चरण ६ छुट्टै निजी कानुन व्यवसायी नियुक्ति गर्ने (वकालतनामा)

| गैरसरकारी संस्था | कानुन व्यवसायी |
|---|---|
| गै.स.स.ले बँधुवा श्रमबाट पीडित मजदुरहरुलाई कानुन व्यवसायीसँग औपचारिक रुपमा चिनाइ दिई निजी कानुन व्यवसायीको रुपमा नियुक्त गर्न प्रोत्साहन गर्नुपर्ने । | कानुन व्यवसायीले ती बँधुवा श्रमबाट पीडित मजदुरहरुको तर्फबाट अदालतमा निजी कानुन व्यवसायीको रुपमा बहस पैरवी गर्न वकालतनामा पेश गर्न अनुमति लिनुपर्दछ । |

## चरण ७ अभियुक्तलाई धरौटीमा नछोड्ने पक्षमा बहस पैरवी गर्ने

| गैरसरकारी संस्था | कानुन व्यवसायी |
|---|---|
| गै.स.स.का प्रतिनिधिहरुले अभियुक्तलाई धरौटीमा छोड्ने सम्बन्धी कुनै पनि पत्रको जानकारी पाउने वित्तिकै तुरुन्त कानुन व्यवसायीलाई जानकारी गराउनुपर्ने । | कानुन व्यवसायी मौखिक तथा लिखित रूपमा धरौटीमा अभियुक्तलाई नछोड्ने पक्षमा बहस गर्न उपस्थित हुनुपर्छ, छोड्नै पर्ने भए कठिन धरौटीका शर्तमा छोड्न सक्ने तर्फ आफ्नो बहस पैरवी पेश गर्नुपर्ने । |

## चरण ८ बँधुवा श्रम सुविधा

| गैरसरकारी संस्था | कानुन व्यवसायी |
|---|---|
| गै.स.स.ले बँधुवा मजदुरहरुसँग सरोकार रहेको सम्पत्ति पीडकको नियन्त्रणमा रहेको देखिएमा सो सम्पत्ति फिर्ता गर्न आवश्यक सूचनाहरु संकलन गरी कानुन व्यवसायी सम्म पुर्‍याई सहयोग गर्नुपर्ने । | कानुन व्यवसायीले बँधुवा मजदुरसँग सरोकार रहेको सम्पत्ति माथि नियन्त्रण राख्न सम्बन्धित अधिकारी समक्ष निवेदन दिनुका साथै सो व्यहोरालाई जाहेरीमा पनि उल्लेख गरी पेश गर्ने । |

## चरण ९ साक्षी बकपत्रको तयारी तथा सोको लागि अदालतमा उपस्थिति

| गैरसरकारी संस्था | कानुन व्यवसायी |
| --- | --- |
| गै.स.स.ले साक्षी प्रमाणको लागि स्पष्ट, तथ्यगत तथा साक्षी बकपत्र अझ बढी प्रभावकारी बनाउन पीडितलाई परामर्श तथा सल्लाह दिई सहयोग गर्ने । | कानुन व्यवसायीले साक्षी परीक्षणको लागि सरकारी साक्षीलाई स्पष्ट, उत्तम तथा तथ्यगत रुपमा साक्षी परीक्षणमा सोधिने र जिरह गर्दा सोधिने सम्भावित प्रश्नहरुबारे जानकारी दिई कसरी उत्तर दिँदा बकपत्र बढी प्रभावकारी हुन्छ भन्ने कुरा सिकाई सहयोग गर्ने । |

## चरण १० बहस र सुनुवाइमा उपस्थित हुने

| गैरसरकारी संस्था | कानुन व्यवसायी |
| --- | --- |
| अदालतले बहसनोट माग गरेमा गै.स.स.ले सरकारी वकिल मार्फत पेश गर्न सो बहसनोट तयार गर्न कानुन व्यवसायीलाई जानकारी गराउने तथा सहयोग गर्ने । | कानुन व्यवसायीले अदालतमा उपस्थित भई बहस गर्ने र बहसनोट माग भएमा कानुन व्यवसायीले सरकारी वकिल मार्फत वा पीडित जाहेरवालाको तर्फबाट बहसनोट तयार गर्ने, पेश गर्ने वा अन्य सहयोग गर्ने । |

## चरण ११ फैसला प्राप्त गर्ने

| गैरसरकारी संस्था | कानुन व्यवसायी |
| --- | --- |
| गै.स.स.ले फैसलाको प्रमाणित प्रतिलिपि प्राप्त गर्न पीडितलाई सहयोग गर्ने । | फैसलामा बोलेका कुराहरु, फैसलाको परिणामबारे कानुन व्यवसायीले पीडितहरुलाई बुझाउने । |

## चरण १२ माथिल्ला तहको प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय वा राष्ट्रिय मानव अधिकार आयोग समक्ष उजुरी दर्ता गर्ने

| गैरसरकारी संस्था | कानुन व्यवसायी |
| --- | --- |
| यदि चरण २.१ मा उल्लेख भएबमोजिम बँधुवा मजदुरहरुको उजुरी सम्बन्धित प्रहरी कार्यालयले लिन अस्वीकार गरेमा उक्त उजुरी सोभन्दा माथिल्लो तहको प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा मानव अधिकार हननका उजुरीहरुमा राष्ट्रिय मानव अधिकार आयोग समक्ष दर्ता गर्न गै.स.स.ले सहयोग गर्ने । | कानुन व्यवसायीले गै.स.स. तथा पीडितबाट प्राप्त गरेको जानकारी बमोजिम उजुरीको मस्यौदा तयार गरी दर्ता गर्न सहयोग गर्नुपर्दछ । |



## चरण १३ उच्च अदालत समक्ष रिट/पुनरावेदन दायर गर्ने

| गैरसरकारी संस्था | कानुन व्यवसायी |
| --- | --- |
| गै.स.स.ले प्रचलित कानुन बमोजिम उच्च अदालतमा आवश्यक परेमा रिट वा पुनरावेदनपत्र दायर गर्न सहयोग गर्ने । | कानुन व्यवसायीले रिट निवेदन वा पुनरावेदनपत्रको मस्यौदा तयार गरी दायर गर्न सहयोग गर्ने । |

## चरण १४ सर्वोच्च अदालतमा रिट निवेदनपत्र/पुनरावेदनपत्र दायर गर्ने

| गैरसरकारी संस्था | कानुन व्यवसायी |
| --- | --- |
| गै.स.स.ले आवश्यक परेको खण्डमा सर्वोच्च अदालमा रिट निवेदन, पुनरावेदन र सार्वजनिक सरोकारको मुद्दा दर्ता गर्न कानुन व्यवसायीलाई सहयोग गर्ने । | कानुन व्यवसायीले सर्वोच्च अदालतमा रिट निवेदन, पुनरावेदन र सार्वजनिक सरोकारका विषयमा निवेदनको मस्यौदा तयार गरी दायर गर्न सहयोग गर्ने । |

# बँधुवा मजदुरसम्बन्धी कसुरदारलाई फौजदारी कारवाही गर्ने (अनुसन्धान तथा अभियोजन) प्रकृया

## चरण १ प्रहरी समक्ष जाहेरी दरखास्त वा उजुरी गर्ने

### गैरसरकारी संस्था

गै.स.स.ले सम्बन्धित स्थानीय प्रहरी कार्यालयमा उजुरी गर्नको लागि कानुन व्यवसायीसँग समन्वय गरी पीडितको तर्फबाट दरखास्त तयार गर्न र दर्ता गर्न सहयोग गर्ने ।

### गैरसरकारी संस्था (टिप्पणी)

गै.स.स.का प्रतिनिधिहरूले बँधुवा श्रमसँग सम्बन्धित घटनाहरुको सम्पूर्ण जानकारी उजुरीमा समावेश भएको छ भन्ने कुरा सुनिश्चित गर्नुपर्दछ ।

### कानुन व्यवसायी

कानुन व्यवसायीले पीडितको अधिकार उल्लंघन भएको व्होरा उल्लेख गरी जाहेरी दरखास्तको मस्यौदा तयार गर्ने । उक्त मस्यौ दामा कानुन व्यवसायीले कमैया श्रमसम्बन्धी ऐन, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४/२००७, राष्ट्रिय दण्ड (संहिता) ऐन, तथा अन्य कुनै पनि लागू हुने ऐनअन्तर्गत सूचीकृत सबै सम्बन्धित अपराधहरुसमेतलाई उल्लेख गरी सम्बन्धित प्रहरी कार्यालयबाट दर्ता भएको सुनिश्चित गर्नुपर्छ ।

### कानुन व्यवसायी (टिप्पणी)

कानुन व्यवसायीले अपराध भएको बारे नजिकको प्रहरी कार्यालयमा उजुरी दर्ता गराउन सुनिश्चित गर्नुपर्छ । जाहेरी दरखास्त दर्ता गराउने बेलामा कानुन व्यवसायी गै.स.स.का प्रतिनिधिको साथमा प्रहरी कार्यालयमा उपस्थित भई प्रहरीलाई सहयोग गर्न सक्छ । जाहेरी दरखास्तमा देहायका जानकारी समावेश गर्नुपर्नेछ:

1. अपराध भएको वा भइरहेको वा हुन लागेको मिति, समय र स्थान
2. अपराध गर्ने व्यक्तिको नाम, ठेगाना तथा हुलिया
3. अपराधसँग सम्बन्धित प्रमाण
4. अपराधको प्रकृति तथा अपराधसँग सम्बन्धित अन्य विवरणहरु

कानुन व्यवसायीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४ अनुसारको जाहेरी दरखास्त प्रहरी कार्यालयमा दर्ता भएको कुरा सुनिश्चित गर्नुपर्छ ।

यदि प्रहरी कर्मचारीले अपराध सम्बन्धी सूचना दर्ता गर्न इन्कार गर्छ भने जाहेरवालाले सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई वा सूचना दर्ता गर्न तोकिएको कार्यालय भन्दा माथिल्लो दर्ताको प्रहरी कार्यालयमा सो अपराधबारे सूचित गर्न सक्छ ।

मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ४ अनुसार यस्तो सूचना प्राप्त गर्ने प्रहरी कार्यालयले ती सूचनाको अभिलेख राख्नेछ र आवश्यक निर्देशनसहित आवश्यक कारवाही अगाडि बढाउन सम्बन्धित प्रहरी कार्यलयमा लेखि पठाउने ।

यदि जाहेरीमा भएको तथ्यको सहायताले अपराधी पहिचान गर्न पर्याप्त नभए कानुन व्यवसायीले थप अपराधहरु लगायत अन्य सहायक प्रमाण कागजात वा लिखतका साथै पत्र पेश गर्नुपर्ने ।



### ध्यान दिनुपर्ने कुराहरु

जाहेरी दर्ता गर्ने: मुलुकी अपराध कार्यविधि संहिता, २०७४ को दफा ४ अनुसार अपराधको अनुसन्धान सामन्यतया अपराध भएको जाहेरी दर्ता गरेपछि प्रारम्भ हुन्छ । सरकारवादी हुने फौजदारी अपराध भएको वा भइरहेको वा हुन लागेको थाहा पाउने व्यक्तिले सो अपराधबारे निजसँग रहेको आवश्यक सूचना वा प्रमाणसहित नजिकको प्रहरी कार्यालयमा मौखिक वा लिखत रुपमा जानकारी गराउनु पर्दछ । मौखिक सूचनालाई प्रहरीले लिखित रुपमा लिपिवद्ध गरेर जाहेरवालाको दस्तखत गराई राख्नुपर्छ । जाहेरी दरखास्तलाई सबभन्दा नजिकको प्रहरी कार्यालयमा उजुरीको रुपमा दर्ता गर्नुपर्छ ।

अन्य फौजदारी व्यवस्थाहरु: यस जाहेरी अन्तर्गत बँधुवा मजदुरसँग सम्बन्धित घटना बाहेक मानव बेखबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, तथा मुलुकी अपराध संहिता अन्तर्गतका फौजदारी अपराधहरु जस्तै बलात्कार, बालश्रम, यौन दुर्व्यवहार लगायत अन्य प्रकारका हिंसाजन्य अपराधहरु पनि समावेश गर्नुपर्दछ। मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १६२-१६४ ले बलपूर्वक श्रम, दासत्व तथा ऋणी बँधुवा श्रमलाई निषेध गर्दछ ।

प्रहरी आफै अनुसन्धान गर्न सक्ने: पीडित वा अन्य व्यक्तिहरुले दिएको जाहेरी दरखास्तको आधारमा मात्र प्रहरीले फौजदारी अनुसन्धानका कार्य अगाडि बढाउने नभई प्रहरी स्वयंले पनि अपराधको विवरण (प्रतिवेदन) को आधारमा अनुसन्धान प्रारम्भ गर्न सक्दछ । मुद्दाको अवस्था गम्भीर भएमा प्रहरी आफै अनुसन्धान गर्न गै.स.स.ले वकालत तथा दबाब सिर्जना गर्न सक्छ ।

जाहेरीमा अनुसन्धान अधिकारीको नाम उल्लेख गर्नुपर्ने: जाहेरीमा अनुसन्धान अधिकारीको नाम, थर तथा निजको तह स्पष्ट रुपमा उल्लेख गर्नुपर्दछ । अनुसन्धान अधिकारी पुर्पक्षको महत्त्वपूर्ण हिस्सा हो । त्यसैले अनुसन्धान अधिकारीको विस्तृत जानकारी/विवरण जाहेरीमा वैधतापूर्वक उल्लेख गर्नुपर्ने हुन्छ ।

माथिल्लो प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय वा राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी दर्ता गर्ने: यदि प्रहरीले उजुरी दर्ता गर्न अस्वीकार गरेमा चरण २.१० मा भएको प्रकृया अनुसरण गर्ने र माथिल्लो प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय वा राष्ट्रिय मानव अधिकार आयोगमा उजुर गर्ने ।

### थप जानकारी तथा कार्य

जाहेरी दर्ता गर्नु अनिवार्य कर्तव्य: प्रत्येक प्रहरी कार्यालयका जिम्मेवार प्रहरी अधिकारीले मुलुकी फौजदारी कार्यविधि संहिताको धारा ४(३) बमोजिमको जाहेरी दरखास्त अनिवार्य रुपमा दर्ता गर्नुपर्दछ र जाहेरी दरखास्तमा अपराधको बारेमा सूचना दिने व्यक्तिको दस्तखत गराउनु पर्दछ । जाहेरीको नमुनाको लागि अनुसूची ५ हेर्नुहोला ।

बालश्रम उल्लंघन सम्बन्धी उजुरीहरु: बालश्र मसम्बन्धी कानुनको उल्लंघन भएमा श्रम कार्यालयमा उजुरी गर्न सकिन्छ । दोषी उपर कैद वा जरिवानाको सजाय गर्ने अधिकार श्रम कार्यालयलाई हुन्छ । यदि श्रम कार्यालयले सजाय गरेमा अन्तिम आदेशको लागि श्रम अदालतमा पठाइन्छ । बालश्रम उल्लंघन सम्बन्धमा थप जानकारीको लागि यस निर्देशिकाको परिच्छेद ५(ख)(५) मा बालश्रम (निषेध तथा नियमन) ऐन, २००० को दफाहरु हेर्ने ।

## चरण २ अभियुक्तलाई पक्राउ गर्ने

### गैरसरकारी संस्था

गै.स.स.ले आपराधिक कार्यमा संलग्न सम्पूर्ण अभियुक्तहरु मुख्यतया बालश्रमका अभियुक्तहरुलाई तत्काल पक्रन प्रहरीलाई सहयोग गर्नुपर्ने ।

### गैरसरकारी संस्था (टिप्पणी)

गै.स.स.ले त्यस्ता घटनाबाट उद्धार गरिएका पीडितहरुबाट अभियुक्तहरुको पहिचान सम्बन्धी कुनै जानकारी प्राप्त गरेको छ भने ती कुराहरुको जानकारी प्रहरी तथा कानुन व्यवसायीलाई तत्काल गराउनुपर्ने ।

## कानुन व्यवसायी

कानुन व्यवसायीले ती अभियुक्तहरुलाई तत्काल पक्रन तथा तिनीहरुमाथि अनुसन्धानका कार्य गर्न प्रहरीलाई सहयोग तथा समन्वय गर्नुपर्ने ।

## कानुन व्यवसायी (टिप्पणी)

कानुन व्यवसायीले पनि जजसलाई पक्राउ गरेका छन् र तिनीहरुउपर मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ९ भित्र रहेर कानुनबमोजिम अनुसन्धान भएको छ छैन भन्ने कुराको सुनिश्चित गर्नुपर्दछ ।

## ध्यान दिनुपर्ने कुराहरु

मानव बेचविखन तथा ओसारपसार ऐन, २०६४ अन्तर्गत पक्राउः मानव बेचविखन तथा ओसारपसार ऐनको धारा ७ अनुसार उप-निरीक्षक वा सोभन्दा माथिको दर्जाको प्रहरी अधिकारीले कुनै व्यक्तिबाट यदि कुनै घर, जमीन, स्थान वा गाडीमा कुनै व्यक्तिको बेचविखन वा ओसारपसार जस्ता आपराधिक कार्य भइरहेको वा भएको वा हुन सक्ने अवस्था रहेको देखेमा निज उम्कन नसकोस् वा निजबाट अपराधसँग सम्बन्धित कुनै प्रमाणहरू लुकाउने छिपाउने वा हराउने वा तत्काल कारबाही नगरेमा नष्ट गर्न सक्ने सम्भावनाबाट सतर्क रहन प्रहरीले बिना वारेन्ट पक्राउ गर्न सक्छ । त्यस्तै विना अनुमति अपराध भइरहेको ठाउँमा प्रवेश गरी खोजविन गर्ने वा जफत गर्ने थप कार्य पनि गर्न सक्छ ।

मुलुकी फौजदारी कार्यविधि संहिता अन्तर्गत पक्राउः मुलुकी फौजदारी कार्यविधि संहिताको धारा ९ ले यदि कुनै कसुरको अनुसन्धानको क्रममा कसुरसँग सम्बन्धित कुनै व्यक्तिलाई तुरुन्त पक्राउ गर्नु आवश्यक देखिएमा त्यस्तो व्यक्तिलाई पक्राउ गर्नुपर्नाको कारण तथा पहिचान खुलासा गर्ने विवरण सहित पक्राउ पुर्जी जारी गर्न अनुमतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिनुपर्नेछ । यदि पक्राउको कारण उचित देखेमा मुद्दा हेर्ने अधिकारीले पक्राउ पुर्जी जारी गर्न अनुमति दिनेछ । यद्यपि, यदि पक्राउ गरिएको व्यक्ति एकैचोटि फरार हुन, भाग्न वा प्रमाण नष्ट गर्न सक्दछ भन्ने कुराको उचित आधार छ भने त्यस्तो व्यक्तिलाई तत्काल पक्राउ पुर्जी जारी गरी निजलाई पक्री मुद्दासहित मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरिनेछ ।

अभियुक्तलाई थुनामा राख्ने र अदालत समक्ष उपस्थिति गराउनेः मुलुकी फौजदारी कार्यविधिको धारा ज्ञद्ध (१) अन्तर्गत जब कुनै व्यक्तिलाई पक्राउपछि थुनामा राखिन्छ, उसलाई पक्राउ गरिएको ठाउँ तथा पक्राउ गर्नुको कारण सहित खोली पक्राउ पुर्जी जारी गर्नुपर्दछ । चौबिस घण्टाको अवधिभित्र पक्राउ परेको ब्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्दछ । अनुसन्धान अधिकारीले हिरासतको लागि आधार प्रमाणको भार नपुगेसम्म अनुसन्धानको क्रममा अधिकतम २५ दिनसम्मको लागि थुनामा राख्ने अनुमतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिनुपर्ने ।

कारवाहीको सिलसिलामा अभियुक्तलाई थुनामा राखिनेः मानव बेचविखन तथा ओसारपसारको दफा ८ बमोजिम तत्काल संकलन गरिएको प्रमाणको आधारमा अभियुक्तले यस्तो अपराध गरेको देखिन्छ भने अदालतले मानव बेचविखन तथा ओसारपसारको दफा ४(१)घ अन्तर्गतका मुद्दाहरुभन्दा अन्य यस्ता बेचविखन तथा ओसारपसारका मुद्दाको कारवाहीको सिलसिलामा अभियुक्तलाई थुनामा राखी मुद्दा चलाउने गर्दछ ।

# चरण ३ जाहेरी पछिको अनुसन्धान

## गैरसरकारी संस्था

गै.स.स.ले मुद्दाको जानकारी दिन, समन्वय गर्न लगायत प्रमाण संकलन गर्न तथा अभियुक्तको ठेगाना पत्ता लगाउन र अनुसन्धान प्रकृयामा सहयोग गर्ने ।



## गैरसरकारी संस्था (टिप्पणी)

गै.स.स.ले जमीनदारबाट भएको अपराधको अनुसन्धानमा प्रहरीलाई अभियुक्तको ठेगाना तथा अन्य सम्बन्धित सूचना दिएर सहयोग गर्नुपर्ने । साथै बँधुवा मजदुरहरुबाट प्रमाण संकलनमा सम्भव भए प्रहरीसँग सहकार्य समेत गर्ने ।

## कानुन व्यवसायी

कानुन व्यवसायीले अनुसन्धान प्रकृयाभर प्रहरीलाई आवश्यकतानुसार कानुनी सहायता दिनुपर्ने ।

## कानुन व्यवसायी (टिप्पणी)

कानुन व्यवसायीले प्रहरीले अपराध भएको घटनास्थलको समुचित अनुसन्धान गरेको र स्थानीय मानिसहरुको दस्तखतसहित घटनास्थलको समुचित मुचुल्का तयार गरेको कुरा सुनिश्चित गर्नुपर्छ । कानुन व्यवसायीले प्रहरीबाट अनुसन्धान पछिको राय प्रतिवेदन सरकारी वकिल समक्ष पठाएको कुरासमेत सुनिश्चित गर्नुपर्छ ।

## ध्यान दिनुपर्ने कुराहरु

सबुद प्रमाणको सुरक्षाः मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६ ले यदि कुनै प्रहरी कर्मचारीले कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको सूचना प्राप्त गरेमा उक्त प्रहरी कर्मचारीले उक्त अपराधको रोकथाम गर्न सो अपराधसँग सम्बन्धित कुनै पनि प्रमाण लोप वा नष्ट हुन नदिन र शंकास्पद व्यक्ति फरार हुन वा भाग्न नदिन आवश्यक पहल गर्नुपर्दछ । यदि तत्काल कारवाही नगरेमा अपराध हुनसक्ने वा सबूद प्रमाण लोप वा नाश हुनसक्ने वा शंकास्पद व्यक्ति फरार हुने वा भाग्न सक्ने सम्भावना भएमा प्रहरी कर्मचारीले सो शंकास्पद व्यक्तिलाई आवश्यकता अनुसार पक्राउ गर्न सक्छ र अर्को प्रहरी कार्यालयको अधिकारक्षेत्रमा गई यस सम्बन्धमा आवश्यक कारवाही पनि गर्न सक्छ ।

अपराध सम्बन्धमा प्रहरी अनुसन्धानः प्रहरीले अपराधको अनुसन्धान गर्न अपराध घटेको घटनास्थलको अवलोकन र भ्रमण तथा घटनास्थल मुचुल्का तयार गरी स्थानीय मानिसहरुको सहीछाप गराउनुपर्छ । प्रहरीले अपराध सम्बन्धी प्रमाण आवश्यक देखिएमा घटनास्थलको खानतलासी र वरामदी मुचुल्का समेत तयार गर्नुपर्छ । प्रहरीलाई पीडित, साक्षी तथा अभियुक्तहरुको वयान गराउने अधिकार समेत प्रदान गरिएको छ। प्रहरीले यसरी संकलित सबूद प्रमाणलाई अपराध सावित गर्न आवश्यक भए परीक्षण र विशेषज्ञको रायको लागि प्रयोगशालामा वा विशेषज्ञ समक्ष पठाउन सक्छ ।

सरकारी वकिलको भूमिकाः सरकारी वकिलको सुक्ष्म रेखदेखमा प्रहरीले अपराधको अनुसन्धान गर्छ। यदि सरकारी वकिल अनुसन्धानसँग सन्तुष्ट नभएमा वा अनुसन्धानको सिलसिलामा कानुनको पालना भएको छैन वा अनुसन्धान पूर्ण भएको छैन भन्ने लागेमा सरकारी वकिलले अनुसन्धान गर्ने प्रहरीलाई थप अनुसन्धान गर्न निर्देशन दिन सक्छ । अपराधको अनुसन्धान पूरा भएपछि प्रहरीले प्रारम्भिक प्रतिवेदन सहितको मिसिल अभियोजनको लागि सरकारी वकिल समक्ष पठाउँछ ।

पीडितको सुरक्षाः गै.स.स.ले पीडितलाई अभियुक्तले विगतमा अनुचित डर त्रास वा भय वा आफ्नो जिउज्यानको सुरक्षा प्रतिकूल असर पर्ने धम्की, चेतावनीहरु दिएको छ छैन थाहा पाउनु पर्दछ र यदि दिएको छ भने कानुन व्यवसायीले स्थानीय प्रहरी कार्यालयमा पीडितको जिउज्यानको सुरक्षाको लागि अनुसूची ७ बमोजिमको निवेदन दिनुपर्छ । मानव बेचविखन तथा ओसारपसार ऐनको दफा २६ ले मानव बेचविखन तथा ओसारपसार सम्बन्धी अपराधको रिपोर्ट गरेकोमा कुनै पनि प्रकारको प्रतिकार विरुद्ध सुरक्षाको उचित आधार उपलब्ध गराउन सकेमा पीडितलाई सुरक्षाको हक पुग्छ ।

# चरण ४ सरकारी वकिललाई मुद्दाको फाइल साथ प्रारम्भिक प्रतिवेदन पेश गर्ने

### गैरसरकारी संस्था

प्रहरीले मुद्दाको फाइलसँगै पेश गरेको प्रारम्भिक प्रतिवेदनमा के कस्तो राय उल्लेख भएको छ भन्ने बारे कानुनी व्यवसायीसँग जानकारी लिनुपर्ने ।

### गैरसरकारी संस्था (टिप्पणी)

गै.स.स.ले प्रहरीले प्रारम्भिक प्रतिवेदन निर्धारित समयभित्र दर्ता गरेको सुनिश्चित गर्नुपर्दछ ।

### कानुन व्यवसायी

अभियोजनको मस्यौदा तयार गर्न र मुद्दा दर्ता गर्ने काम समयमै सकियोस भन्नका लागि कानुन व्यवसायीले ऐन बमोजिम तोकेको म्यादभित्र प्रहरीले विना ढिलासुस्ती राय पेश गरे वा नगरेको सुनिश्चित गर्नुपर्दछ ।

### कानुन व्यवसायी (टिप्पणी)

कानुन व्यवसायीले पनि तोकिएको समयभित्र प्रहरीले प्रारम्भिक प्रतिवेदन दर्ता गरेको छ छैन, बुझ्नुपर्दछ ।

# चरण ५ अभियोगपत्र दायर गर्ने

### गैरसरकारी संस्था

गै.स.स.ले कानुन व्यवसायीसँग समन्वय गरी कानुन बमोजिम उचित रुपमा अभियोगपत्र दायर भएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

### गैरसरकारी संस्था (टिप्पणी)

गै.स.स.का प्रतिनिधिहरूले अभियोगपत्र हदम्याद भित्रै विना कुनै ढिलाइ दायर गरेको छ छैन सोको लागि कानुन व्यवसायीसँग समन्वय गर्नुपर्ने तथा यसको लागि प्रहरी अधिकारीलाई निवेदन दिन आवश्यक पर्ने भएमा सोको लागि सहयोग गर्नुपर्दछ ।

### कानुन व्यवसायी

कानुन व्यवसायीले प्रहरी तथा सरकारी वकिलसँग नजिक रही तोकिएको समयमा अभियोग पत्र दायर गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने ।



### कानुन व्यवसायी (टिप्पणी)

कानुन व्यवसायीले मुलुकी फौजदारी कार्यविधि संहितामा उल्लेख गरेको हदम्याद भित्र रहेर सरकारी वकिलले अभियोगपत्र दायर गरेको छ भन्ने कुरा सुनिश्चित गर्नुपर्छ । उक्त अभियोगपत्रमा मानव बेचबिखन तथा ओसारपसार ऐनको दफा १७ बमोजिम पीडितको हकमा क्षतिपूर्ति रकमसमेत खोल्नुपर्दछ ।

यसका अतिरिक्त यदि पीडितले अपराध संरक्षण ऐन २०७४ बमोजिम पीडित प्रभाव प्रतिवेदन दर्ता गर्न चाहन्छ भने यस्ता प्रतिवेदन अभियोगपत्र दायर हुनुभन्दा अघि नै दर्ता गर्नुपर्दछ ।

यदि सरकारी वकिलले तोकिएको हदम्याद भित्र अभियोगपत्र दायर गर्न नसकेमा कानुन व्यवसायीले सहायक प्रहरी आयुक्त कहाँ अभियोगपत्र तत्काल दायर गर्नको लागि आवश्यक सहयोग माग्न सक्ने । यदि अझै पनि अभियोगपत्र दायर नभएमा कानुन व्यवसायी अदालत पुग्नुपर्ने हुन्छ ।

### ध्यान दिनुपर्ने कुराहरु

अभियोपत्र दर्ता गर्ने प्रकृया: प्रहरीले पेश गरेको प्रारम्भिक प्रतिवेदनका आधारमा सरकारी वकिलले अभियोगपत्र तयार गरी जिल्ला अदालत समक्ष दर्ता गरी मुद्दा अगाडि बढाउनेछ ।

अभियोगपत्रमा समावेश गर्नुपर्ने कुराहरु: सरकारी वकिलले अभियोगपत्रमा समावेश गर्नुपर्ने व्यहोरा सम्बन्धमा जानकारी पाउन मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ३२ हेर्नुहोस् । कानुन व्यवसायीले उक्त अभियोगपत्रमा देहायका कुराहरु भएको सुनिश्चित गर्न उक्त अभियोगपत्र अध्ययन गर्नुपर्दछ:

- अभियुक्तलाई बँधुवा श्रम ऐन, मानव बेचबिखन तथा ओसारपसार ऐन तथा अन्य कुनै पनि कानुनको उपयुक्त दफा लगाई अभियोग लगाइएको छ छैन ।
- अभियुक्तको नाम, ठेगाना लगायत अन्य विवरण ठिक रुपमा उल्लेख गरिएको छ छैन ।
- नैतिक पतन हुने अपराध को दावी पेश गरेको छ छैन ।
- क्षतिपूर्तिको दावी गरेको छ छैन । थुनामा रहेको अभियुक्तको मुद्दामा निरन्तर सुनुवाइ हुन्छ ।
- पीडितको पहिचानको गोपनीयता कायम गर्नुपर्दछ ।

अभियोगपत्रको प्रतिलिपि: कानुन व्यवसायीले अभियोगपत्रको प्रतिलिपि लिनुपर्दछ । यदि अभियोगपत्रमा तथ्यद्वारा समेटिने अभियोगहरु सबै समेटिएको छैन भने कानुन व्यवसायीले सरकारी वकिलसमक्ष उचित अभियोगसहित थप अभियोगसमेतको मुद्दा दायर गर्न निवेदन दिनुपर्छ । (मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ३६)

अभियोजन तथा न्यायिक प्रकृयाबारे पीडितलाई जानकारी पाउने अधिकार: अपराध पीडित संरक्षण ऐन २०७५ को दफा ८ र ९ अन्तर्गत अभियोजन तथा न्यायिक प्रकृया लगायत सुनुवाइ हुने मिति, स्थान र समय, अभियुक्तलाई पक्राउ तथा धरौटीमा राखी छुट्याउँदा निर्धारण हुने अवस्थाहरु बारे पीडितलाई जानकारी पाउने अधिकार रहन्छ ।

# चरण ६ छुट्टै निजी कानुन व्यवसायी नियुक्ति गर्ने (वकालतनामा)

### गैरसरकारी संस्था

गै.स.स.ले बँधुवा श्रमबाट पीडित मजदुरहरुलाई कानुन व्यवसायीसँग औपचारिक रुपमा चिनाइ दिई निजी कानुन व्यवसायीको रुपमा नियुक्त गर्न प्रोत्साहन गर्नुपर्ने ।

### गैरसरकारी संस्था (टिप्पणी)

बालबालिका पीडित रहेको मुद्दामा उनीहरु बस्दै आएको पुर्नस्थापनाा केन्द्र (सेवा केन्द्र) का व्यक्ति संरक्षक भई उनीहरुको तर्फबाट निजी कानुन व्यवसायीको रुपमा नियुक्ति गर्न अनुमति दिन र दिलाउनको लागि गै.स.स.ले सहयोग गर्नुपर्छ ।

## कानुन व्यवसायी

कानुन व्यवसायीले ती बँधुवा श्रमबाट पीडित मजदुरहरुको तर्फबाट अदालतमा निजी कानुन व्यवसायीको रुपमा बहस पैरवी गर्न वकालतनामा पेश गर्न अनुमति लिनुपर्दछ ।

## कानुन व्यवसायी (टिप्पणी)

कानुन व्यवसायीले बहस पैरवीको लागि अनुमति पाएपछि सरकारी वकिलसँग समन्वय गर्ने तथा मुद्दाको अवस्था र प्रगति बारेमा जानकारी गराइ रहनुपर्छ ।

## ध्यान दिनुपर्ने कुराहरु

पीडितको कानुन व्यवसायी नियुक्ति गर्ने अधिकारः मानव बेचविखन तथा ओसारपसारको दफा १० तथा अपराध पीडित संरक्षण ऐनको दफा १२ दुबैले पीडितलाई उनको अदालतमा मुद्दा चलुन्जेल बहसपैरवी गर्ने तथा उनको तर्फबाट आवश्यक कानुनी प्रकृयामा सहयोग गर्ने गरी मुद्दाको प्रतिनिधित्व गर्न छुट्टै निजी कानुन व्यवसायी नियुक्त गर्ने हक अधिकार हुन्छ ।

कानुन व्यवसायीले पीडितको तर्फबाट देहायका कामहरु गर्न सक्छन् -

- उद्धार गरिएका पीडितको स्वास्थ्य परीक्षण गर्न,
- मुद्दा चलुन्जेल पीडित तथा साक्षीहरुको सुरक्षाको लागि मानव बेचविखन तथा ओसारपसारको दफा २६ तथा मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ११४ बमोजिम पीडितको संरक्षणको लागि आदेश गराउन,
- मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १२९ तथा मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐनको दफा २७ अन्तर्गतका मुद्दाको बन्द इजलासमा सुनुवाइको लागि आदेश गराउन र
- मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ११३ बमोजिम साक्षी बकपत्रको लागि साक्षीलाई उपस्थितिको आदेश गर्दा निजलाई दैनिक तथा भ्रमण भत्ताको लागि आदेश गराउन ।

# चरण ७ अभियुक्तलाई धरौटीमा नछोड्ने पक्षमा बहस पैरवी गर्ने

## गैरसरकारी संस्था

गै.स.स.का प्रतिनिधिहरुले अभियुक्तलाई धरौटीमा छोड्ने सम्बन्धी कुनै पनि पत्रको जानकारी पाउने वित्तिकै तुरुन्त कानुन व्यवसायीलाई जानकारी गराउनुपर्ने ।

## गैरसरकारी संस्था (टिप्पणी)

गै.स.स.का प्रतिनिधिहरुले अभियुक्तलाई धरौटीमा छुटाउने बारे जे जस्तो जानकारी थाहा पाएको छ सो कुरा कानुन व्यवसायीलाई भन्नुपर्छ ।

## कानुन व्यवसायी

कानुन व्यवसायी मौखिक तथा लिखित रूपमा धरौटीमा अभियुक्तलाई नछोड्ने पक्षमा बहस गर्न उपस्थित हुनुपर्छ, छोड्नै पर्ने भए कठिन धरौटीका शर्तमा छोड्न सक्ने तर्फ आफ्नो बहस पैरवी पेश गर्नुपर्ने ।

## कानुन व्यवसायी (टिप्पणी)

कानुन व्यवसायीले अपराधको गम्भीरता अनुसार अभियुक्तलाई धरौटीमा नछुटाउन लिखित निवेदन समेत पेश गर्नुपर्ने ।



## ध्यान दिनुपर्ने कुराहरु

धरौटीमा छोड्ने आदेशः सरकारी वकिलद्वारा अदालतमा अभियोगपत्र पेश गरेपछि अदालतले अभियुक्तको बकपत्र लिइन्छ । त्यसपछि बादी पक्षका तर्फबाट सरकारी वकिल तथा निजी रुपमा नियुक्त गरिएका कानुन व्यवसायी तथा विपक्षी तर्फका कानुन व्यवसायीले न्यायाधीश समक्ष आ-आफ्नो पक्षका तर्फबाट बहसपैरवी प्रस्तुत गरिन्छ । सोका आधारमा तथा प्राप्त प्रमाणको आधारमा अदालतले अभियुक्तलाई धरौटीमा छोड्ने आदेश दिन सक्नेछ ।

थुनछेक सम्बन्धी सुनुवाईः थुनछेक भन्नाले मुद्दाको सुनुवाइ प्रारम्भ हुनुभन्दा पहिले अभियुक्तलाई प्रहरी वा न्यायिक हिरासतमा राखेर कारवाही गर्ने वा धितो जमानत लिएर वा साधारण तारेखमा राखेर कारवाही गर्ने भन्ने विषयसँग सम्बन्धित छ । कानुन व्यवसायीले थुनछेक बहसमा सक्रियता पूर्वक सहभागी हुने तथा अभियुक्तलाई धरौटीमा छोड्न नहुने पक्षमा जिकिर सहित बहस गर्नुपर्ने हुन्छ । मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ६७ बमोजिम अदालतले अपराधीलाई देहायको अवस्थामा पुर्पक्षको लागि थुनामा राख्न सक्नेछ ।

क) एक वर्ष वा सोभन्दा बढी सजाय हुन सक्ने कसुरको अभियोग लागेका अभियुक्तको नेपालमा स्थायी बसोबास नभएको र निजलाई थुनामा नराखेको खण्डमा निज भाग्न सक्ने वा पछि पक्राउ पर्ने सम्भावना नरहेमा ।
ख) जारी भएको पक्राउ पुर्जी बमोजिम म्याद भित्र हाजिर नभई फरार रही अभियुक्त पक्राउ भइआएको र निजले उजुरी साथ अदालतमा उपस्थित हुन नआउनु पछाडिको कुनै सन्तोषजनक कारण देखाउन नसकेमा ।
ग) अभियोग लाग्नुभन्दा तीन वर्षअघिको अवधिभित्र अन्य कुनै कसुरको अभियोगमा निजले कैद सजाय पाउने ठहर भएकोमा ।

धरौटीमा छोड्न सक्ने अवस्थाको बदर कहिले हुन्छः मुद्दाको कारवाही जुनसुकै अवस्थामा पुगेको भए तापनि अदालतले प्रमाण बुझ्दै जाँदा अभियुक्तलाई अवस्था अनुसार थुनामा राख्न वा धरौट, जमानतमा छोड्न सक्नेछ । अदालतले अभियुक्तलाई धरौट जमानतमा छोडेमा सो आदेश ठिक छ कि छैन भन्ने कुरा निश्चित गरी यदि कानुन विपरीतको आदेश भए सो आदेश बदर गराउन कानुन व्यवसायीले प्रयास गर्नुपर्दछ ।

धरौट जमानत विरुद्धमा उजुरी गर्न सक्नेः अदालतले अभियुक्तलाई थप अनुसन्धानको लागि वा अन्य अदालती प्रकृयाको लागि साधारण तारेखमा वा धरौट, जमानत वा बैंक जमानतमा छोडिएको आदेशविरुद्ध सरकारी वकिल मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ७३ बमोजिम एक तहसम्म पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ । तर सरकारी वकिलले सो निवेदन नदिएमा पीडितको तर्फबाट नियुक्त कानुन व्यवसायीले एक तहसम्म पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ । त्यस अवस्थामा उक्त सम्मानित अदालतले दुबै पक्षका कानुन व्यवसायीको बहस सुनेर तथा प्राप्त प्रमाणको आधारमा मुद्दाको सम्पूर्ण जानकारी प्राप्त गरी तल्लो तहको अदालतबाट भएको आदेश खारेज वा बदर गर्न सक्नेछ ।

जमानतको निवेदन बारे सूचित हुने अधिकारः अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ९ ले अपराधीलाई थुनामा राखिएको छ वा धरौट वा तारेखमा रिहा गरिएको छ, त्यस्तै थुनामा राख्नु वा धरौट वा तारेखमा रिहा गर्नु पछाडिको कारण तथा जमानतको निवेदनको सम्बन्धमा जानकारी पाउने अधिकार पीडितलाई सुनिश्चित गरिएको छ ।

प्रहरी तथा सरकारी वकिलसँग सम्बन्ध निर्माण गर्नेः कानुन व्यवसायीले अभियुक्तद्वारा दर्ता गरेको जमानतको निवेदन सम्बन्धी जानकारी समयमै प्राप्त गर्न सरकारी वकिल तथा प्रहरीका उच्च पदाधिकारीहरुसँग राम्रो सम्बन्ध बनाउनु तथा कायम गर्नुपर्दछ । किनभने अभियुक्तलाई थुनछेक सुनुवाइ सम्बन्धी जानकारी कानुन व्यवसायीलाई नहुन सक्छ । यसले गर्दा जमानत सम्बन्धी निवेदनको सुनुवाइमा आफूलाई प्रस्तुत गर्ने अवसरबाट वञ्चित हुनुपर्ने अवस्था सृजना हुन सक्दछ । फलस्वरुप पूरै मुद्दा गुमाउन सक्ने ठूलै सम्भावना समेत र हुन्छ । त्यसकारण मुद्दासँग सम्बन्धित सम्पूर्ण पक्षहरुसँग सुमधुर सम्बन्ध कायम गर्नु महत्त्वपूर्ण कुरा हो ।

# चरण ८ बँधुवा श्रम सुविधा

## गैरसरकारी संस्था

गै.स.स.ले बँधुवा मजदुरहरुसँग सरोकार रहेको सम्पत्ति पीडकको नियन्त्रणमा रहेको देखिएमा सो सम्पत्ति फिर्ता गर्न आवश्यक सूचनाहरु संकलन गरी कानुन व्यवसायी सम्म पुऱ्याई सहयोग गर्नुपर्ने ।

## गैरसरकारी संस्था (टिप्पणी)

गै.स.स.ले बँधुवा मजदुरहरुले के कस्तो सम्पत्ति धितो जमानतमा राखेको हो सो सम्पत्तिको विस्तृत जानकारी लिई कानुन व्यवसायीलाई जानकारी दिई सहयोग गर्नुपर्ने ।

बँधुवा मजदुरहरुलाई बँधुवा श्रम बाहेक अन्य यौन पेशामा लगाई सम्पत्ति आर्जन गरेको छ भने त्यस्ता सम्पत्ति जफत गर्न गराउनको लागि सम्पत्तिको विस्तृत विवरण सहित कानुन व्यावसायीलाई जनकारी गराउनुपर्ने ।

## कानुन व्यवसायी

कानुन व्यवसायीले बँधुवा मजदुरसँग सरोकार रहेको सम्पत्ति माथि नियन्त्रण राख्न सम्बन्धित अधिकारी समक्ष निवेदन दिनुका साथै सो व्यहोरालाई जाहेरीमा पनि उल्लेख गरी पेश गर्ने ।

## कानुन व्यवसायी (टिप्पणी)

कानुन व्यवसायीले बँधुवा मजदुरले कानुन बमोजिम पाउनुपर्ने न्यूनतम ज्याला (दिन सहित) उल्लेख गरी सोको क्षतिपूर्ति समेत दिलाउन कानुनी रुपमा पहल गर्नुपर्दछ ।

यौन पेशामा लगाई सम्पत्ती आर्जन गरेको हकमा मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा १८ बमोजिम गर्न कानुन व्यवसायीले सहयोग गर्नुपर्दछ ।

## ध्यान दिनुपर्ने कुराहरु

सम्पत्ति फिर्ता सम्बन्धी व्यवस्था: ऐनको दफा ७ बमोजिम जमीनदारले बँधुवा श्रमिकलाई बँधुवा श्रमबापत ऋण दिँदा कुनै सम्पत्ति जमानत वा बन्धकमा लिएको भए फिर्ता गर्ने कानुनी व्यवस्था अनुरुप दफा १६(२) ले यदि त्यस्तो सम्पत्ति फिर्ता नगरेमा मुद्दा हेर्ने अधिकारीले फिर्ता गराइदिने व्यवस्था गरेको छ ।

सम्पत्ति जफत सम्बन्धी व्यवस्था: मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा १८ अनुसार यस ऐन अन्तर्गतका कसुरबाट प्राप्त गरेको चलअचल सम्पत्तिहरु जफत गर्नुपर्ने व्यवस्था गरेको छ। यसका अतिरिक्त यस ऐनअनुरुप कसुर मानिने कार्य गर्न गराउनको लागि जानाजानी प्रयोग गरेका घर, जग्गा वा सवारी साधन जफत गर्ने कुरा ऐनमा उल्लेख गरेको छ ।

पीडित संवेदनशील विधि: बँधुवा श्रमका पीडित मजदुरहरुलाई अदालतमा सहज वातावरण बनाउनुका साथै अदालतका कर्मचारीहरुलाई पनि पीडितहरु प्रति संवेदनशील हुनुपर्ने विषयमा गै.स.स. तथा कानुन व्यवसायीले प्रोत्साहित गर्नुपर्दछ ।

सरकारी वकिल तथा प्रहरीलाई आवश्यक सहयोग गर्ने: पीडित तथा साक्षीहरुले मुद्दा तथा मुद्दाको तथ्य सम्बन्धमा सरकारी वकिलसँग सरसल्लाह गर्नुपर्छ । मुद्दासँग सरोकार रहेको कुनै विषयमा अदालत जाँदा पीडितलाई सुरक्षाको आवश्यकता महशुस भएमा सहयोगको लागि प्रहरी कार्यालयमा सम्पर्क गर्नुपर्छ ।

पीडितको लागि छुट्टै कक्ष: अपराध पीडित संरक्षण ऐनको दफा १४ मा भएको व्यवस्था अनुसार अदालतले कसुरको सुनुवाइको सिलसिलामा अभियुक्त, अभियुक्त सम्वद्ध व्यक्ति र अभियुक्तको साक्षीबाट पृथक रहने गरी पीडितको निमित्त छुट्टै कक्ष उपलब्ध गराउन सक्ने वा सो



सम्भव र व्यावहारिक नभए सुनुवाइ हुँदा अदालतले पीडितको सुरक्षा र हितको निमित्त पीडितसँग अभियुक्त, अभियुक्त सम्वद्ध व्यक्ति र अभियुक्तका साक्षीले अदालतले अन्यथा आदेश दिएकोमा बाहेक सम्पर्क गर्न नसक्ने आवश्यक व्यवस्था मिलाउन पर्नेछ ।

बन्द इजलासको माग: यदि अदालतले अनुमति दिएमा तथा पीडितको निजी कुरा गोप्य राख्न आवश्यक भएमा कानुन व्यवसायी/गै.स.स.ले बन्द इजलासमा सुनुवाइको लागि अनुरोध गर्नुपर्छ ।

साक्षी: यस अन्तर्गत बँधुवा श्रमका पीडितहरु, साक्षीमा उपस्थित व्यक्ति, (उद्धारमा उपस्थित गै.स.स.का प्रतिनिधि) पर्दछन् ।

पीडित बालबालिकाको अधिकार: बालबालिका सम्बन्धी ऐनको दफा २५ बमोजिम पीडित बालबालिकाहरुलाई अनुसन्धान, अभियोजन तथा न्यायिक प्रकृयाको हरेक चरणमा देहाय बमोजिमका बाल अनुकूल न्यायको अधिकारी हुनेछ:

1. आफूले बुझ्ने भाषामा जानकारी पाउने,
2. सहभागी वा संलग्न हुने,
3. व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्न पाउने,
4. पीडकबाट मनासिब क्षतिपूर्ति भराइ पाउने,
5. निशुल्क कानुनी सहायता तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा पाउने र चाहेमा अलग्गै कानुन व्यवसायी राख्न पाउने,
6. अनुसन्धान गर्ने निकाय वा बाल अदालतले प्रयोग गर्ने भाषा पीडितले नबुझ्ने भएमा निशुल्क दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादको सुविधा पाउने,
7. अनुसन्धान गर्ने निकाय वा बाल अदालतले प्रयोग गरेका निर्णय तथा आदेश लगायतका कागजातहरुको प्रतिलिपि निशुल्क पाउने,

# चरण ९ साक्षी बकपत्रको तयारी तथा सोको लागि अदालतमा उपस्थिति

## गैरसरकारी संस्था

गै.स.स.ले साक्षी प्रमाणको लागि स्पष्ट, तथ्यगत तथा साक्षी बकपत्र अझ बढी प्रभावकारी बनाउन पीडितलाई परामर्श तथा सल्लाह दिई सहयोग गर्ने ।

## गैरसरकारी संस्था (टिप्पणी)

साक्षी र पीडितको बकपत्र र बयान गराउनु भनेको एक प्रकारको सुनुवाइ हो । अदालतले साक्षी बकपत्रको माध्यमबाट प्रमाण संकलन गर्छ र अदालत समक्ष प्रस्तुत गरिएका प्रमाणलाई स्वीकार गर्दछ । यसका अलावा विद्यमान कानुन बमोजिम साक्षीको आवश्यक सुरक्षा तथा यातायात खर्च, दैनिक भत्ता र आवश्यक सुरक्षाको लागि सम्बद्ध सरकारी निकायहरुसँग समन्वय गर्न सक्छ ।

गै.स.स.ले समान उद्देश्य भएका अन्य संस्थाहरुसँग आर्थिक तथा सामाजिक सहयोगका लागि समन्वय गर्न सक्छ ।

गै.स.स.का प्रतिनिधिले पीडितलाई सुरक्षित साथ अदालतसम्म पुऱ्याउनुपर्छ तथा तिनीहरु अभियुक्तहरुबाट पीडित नभएको समेत सुनिश्चित गर्नुपर्दछ ।

गै.स.स.ले साक्षी परीक्षणको लागि पीडितलाई तालिम प्राप्त तथा योग्य व्यक्तिहरुबाट तयारी गर्न सहयोग गर्ने ताकि तिनीहरु विपक्षी कानुन व्यवसायीबाट सोधिने प्रश्नहरुबाट अनावश्यक दुःख झेल्नुको सट्टा साक्षी प्रमाण तथ्यगत एवं स्पष्ट रुपमा व्यक्त गर्न सकून् ।

गै.स.स.का कर्मचारीले संक्षिप्त रुपमा पीडित तथा उनका परिवारसँग साक्षी बकपत्र पश्चात छलफल गर्नुपर्छ ।

## कानुन व्यवसायी

कानुन व्यवसायीले साक्षी परीक्षणको लागि सरकारी साक्षीलाई स्पष्ट, उत्तम तथा तथ्यगत रुपमा साक्षी परीक्षणमा सोधिने र जिरह गर्दा सोधिने सम्भावित प्रश्नहरुबारे जानकारी दिई कसरी उत्तर दिँदा बकपत्र बढी प्रभावकारी हुन्छ भन्ने कुरा सिकाई सहयोग गर्ने ।

## कानुन व्यवसायी (टिप्पणी)

कानुन व्यवसायीले गै.स.स.संग मिलेर साक्षी परीक्षणको तयारी गर्नुपर्ने । यसो गर्दा यथासम्भव पीडितको लागि सहज हुने स्थान रोज्नुपर्ने ।

कानुन व्यवसायीले बकपत्र गर्ने व्यक्तिलाई यसको महत्त्व बारे तथा मुद्दामा प्रमाण सृजना हुने तथा मुद्दा बारे अद्यावधिक गर्नुपर्छ । कानुन व्यवसायीले मुद्दामा संलग्न सम्पूर्ण साक्षीहरुको बकपत्रको एक एक प्रति प्रमाणित नक्कल लिइराख्नुपर्छ ।

मुद्दालाई यथाशक्य छिटो सम्पन्न गर्न संक्षिप्त कार्यविधि अपनाउन निवेदन पेश गर्नुपर्ने ।

कानुन व्यवसायीले पीडित व्यक्ति अदालतसामु उपस्थित हुन नसकेको अवस्थामा भिडियो कन्फरेन्समार्फत पीडितको प्रमाण रेकर्ड गर्ने अवसरलाई रोज्नुपर्छ ।

कानुन व्यवसायी साक्षी परीक्षणलगायतका प्रमाण संकलन गर्ने सबै अदालती प्रकृयामा उपस्थित हुनुपर्दछ । साथै पीडितलाई पनि सो कार्यका लागि अदालतमा सँगै ल्याउनुपर्दछ । यसले पीडितमा आत्मविश्वास बढाउन सहयोगी भूमिका खेल्नेछ ।

## ध्यान दिनुपर्ने कुराहरु

नमुना अदालत तथा ईजलासको भ्रमण: गै.स.स. तथा कानुन व्यवसायीले पीडितलाई सहज बनाउने हेतु ईजलास लिएर जानुपर्छ यसले गर्दा तिनीहरु बकपत्रको लागि पहिलो पटक अदालतमा प्रवेश गर्दा जुन असहज अवस्थाको सामना गर्नुपर्ने अवस्थाको सृजना हुने हुन्छ त्यो हट्न यसले महत्त्वपूर्ण भूमिका खेल्छ । अर्को नजिकको सहज स्थानमा यस किसिमको नमुना अदालत बनाई अभ्यास गर्दा पीडितले अभियुक्त विरुद्ध राम्रो बयान तयार गर्न सहयोगी हुनेछ ।

पीडित संवेदनशील विधि: बँधुवा श्रमका पीडित मजदुरहरुलाई अदालतमा सहज वातावरण बनाउनुका साथै अदालतका कर्मचारीहरुलाई पनि पीडितहरु प्रति संवेदनशील हुनुपर्ने विषयमा गै.स.स. तथा कानुन व्यवसायीले प्रोत्साहित गर्नुपर्दछ ।

सरकारी वकिल तथा प्रहरीलाई आवश्यक सहयोग गर्ने: पीडित तथा साक्षीहरुले मुद्दा तथा मुद्दाको तथ्य सम्बन्धमा सरकारी वकिलसँग सरसल्लाह गर्नुपर्छ । मुद्दासँग सरोकार रहेको कुनै विषयमा अदालत जाँदा पीडितलाई सुरक्षाको आवश्यकता महसुस भएमा सहयोगको लागि प्रहरी कार्यालयमा सम्पर्क गर्नुपर्छ ।

पीडितको लागि छुट्टै कक्ष: अपराध पीडित संरक्षण ऐनको दफा १४ मा भएको व्यवस्था अनुसार अदालतले कसुरको सुनुवाइको सिलसिलामा अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तको साक्षीबाट पृथक रहने गरी पीडितको निमित्त छुट्टै कक्ष उपलब्ध गराउन सक्ने वा सो सम्भव र व्यावहारिक नभए सुनुवाइ हुँदा अदालतले पीडितको सुरक्षा र हितको निमित्त पीडितसँग अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तका साक्षीले अदालतले अन्यथा आदेश दिएकोमा बाहेक सम्पर्क गर्न नसक्ने आवश्यक व्यवस्था मिलाउन पर्नेछ ।

बन्द इजलासको माग: यदि अदालतले अनुमति दिएमा तथा पीडितको निजी कुरा गोप्य राख्न आवश्यक भएमा कानुन व्यवसायी/गै.स.स.ले बन्द इजलासमा सुनुवाइको लागि अनुरोध गर्नुपर्छ ।

साक्षी: यस अन्तर्गत बँधुवा श्रमका पीडितहरु, साक्षीमा उपस्थित व्यक्ति (उद्धारमा उपस्थित गै.स.स.का प्रतिनिधि) पर्दछन् ।

पीडित बालबालिकाको अधिकार: बालबालिका सम्बन्धी ऐनको दफा २५ बमोजिम पीडित बालबालिकाहरु अनुसन्धान, अभियोजन तथा न्यायिक प्रकृयाको हरेक चरणमा देहाय बमोजिमका बाल अनुकूल न्यायको अधिकारी हुनेछ:

1. आफूले बुझ्ने भाषामा जानकारी पाउने,
2. सहभागी वा संलग्न हुने,
3. व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्न पाउने,
4. पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराइ पाउने,
5. निशुल्क कानुनी सहायता तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा पाउने र चाहेमा अलग्गै कानुन व्यवसायी राख्न पाउने,



6. अनुसन्धान गर्ने निकाय वा बाल अदालतले प्रयोग गर्ने भाषा पीडितले नबुझ्ने भएमा निशुल्क दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादको सुविधा पाउने,
7. अनुसन्धान गर्ने निकाय वा बाल अदालतले प्रयोग गरेका निर्णय तथा आदेश लगायतका कागजातहरुको प्रतिलिपि निशुल्क पाउने,
8. पीडक वा निजको पक्षबाट हुन सक्ने हानिबाट सुरक्षित हुन प्रहरी संरक्षण पाउने,
9. बन्द इजलासबाट आफ्नो मुद्दाको सुनुवाइ हुने,
10. कारवाहीका बखत आवश्यकतानुसार प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउन पाउने ।

साक्षी परिक्षण: साक्षी परीक्षणको बखत कानुन व्यवसायीले साक्षीहरुलाई सोधिने प्रश्नहरु तयार गरि दिएर सरकारी वकिललाई सहयोग गर्नुपर्ने ।

जिरह: साक्षीलाई विपक्षी कानुन व्यवसायीले जिरह गर्दा सोधिने नमुना प्रश्नहरु तयार गरी पूर्वतयारी स्वरुप साक्षीलाई ती प्रश्नहरु सोधी तयारी गर्दा पछि अदालतमा विपक्षी अधिवक्ताले सोध्ने प्रश्नहरुको उत्तर दिन सहज हुन्छ ।

## थप जानकारी तथा कार्य

प्रकृयाबारे बुझाई परिचित गराउने: कानुन व्यवसायीले मुलुकी फौजदारी कार्यविधि तथा प्रमाण ऐन, २०३१ अन्तर्गतका मुद्दाको विभिन्न चरणहरु बारे राम्रोसँग बुझि पीडित बँधुवा मजदुरहरुलाई बुझाई परिचित गराउनुपर्छ । त्यस्तै साक्षी परीक्षण तथा जिरहका प्रावधान सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा ५० देखि ५२ सम्मका प्रावधानहरु बारे बुझाउनुपर्छ ।

साक्षी परीक्षण छिटो सक्याउने: मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १०६ अन्तर्गत "अदालतले साक्षी बुझ्न तोकिएको तारिखको दिन उपस्थित भएसम्मको सबै साक्षीहरुको बकपत्र गराउनुपर्नेछ र त्यसदिन उपस्थित सबै साक्षीहरुको बकपत्र गराउन समय अभावको कारणले नभ्याएमा मात्र त्यसपछि अदालत खुल्ने अर्को दिन बकपत्र गराउनुपर्नेछ ।"

परीक्षण चल्दाको बखत कानुन व्यवसायीले सोधिने प्रश्नहरुको अभ्यास गर्ने: बँधुवा श्रमका पीडित मजदुरहरुलाई परीक्षण चल्दाका बखत सोधिन सक्ने सम्भावित प्रश्नहरु सम्बन्धमा कानुन व्यवसायीसँग सम्पर्क गर्ने ।

# चरण १० बहस र सुनुवाइमा उपस्थित हुन

## गैरसरकारी संस्था

अदालतले बहसनोट माग गरेमा गै.स.स.ले सरकारी वकिल मार्फत पेश गर्न सो बहसनोट तयार गर्न कानुन व्यवसायीलाई जानकारी गराउने तथा सहयोग गर्ने ।

## गैरसरकारी संस्था (टिप्पणी)

गै.स.स.का प्रतिनिधिले हरेक सुनुवाइका बखत अदालतमा उपस्थित भई विपक्षीका विरुद्ध तर्क राख्न कानुन व्यवसायीलाई सम्भव भए सम्मका सूचनाहरु उपलब्ध गराई सहयोग गर्नुपर्छ ।

## कानुन व्यवसायी

कानुन व्यवसायीले अदालतमा उपस्थित भई बहस गर्ने र बहसनोट माग भएमा कानुन व्यवसायीले सरकारी वकिल मार्फत वा पीडित जाहेरवालाको तर्फबाट बहसनोट तयार गर्ने, पेश गर्ने वा अन्य सहयोग गर्ने ।

### **कानुन व्यवसायी** (टिप्पणी)

बँधुवा मजदुरहरुको विद्यमान अवस्थाहरु बारे अझ प्रकाश पार्न सरकारी वकिललाई प्रमाणहरु उपलब्ध गराई बहस पैरवी गरी सहयोग गर्ने ।

अदालतले अनुमति दिएमा कानुन व्यवसायीले अन्तिम बहस समेत प्रस्तुत गर्दछ । बन्द इजलासमा सुनुवाइ गर्नुपर्ने मुद्दा भएमा सोको मागसमेत गर्नुपर्छ ।

### ध्यान दिनुपर्ने कुराहरु

बहस नोटः कहिलेकाँहि विषयको गाम्भीर्यता अनुसार आवश्यक भएको अवस्थामा अदालतले बहस नोट माग गर्न सक्छ, यसले अदालतलाई पीडितको पक्षमा न्याय प्रदान गर्न गराउन धेरै सहयोग गर्न सक्छ । यो कानुन व्यवसायी वा सरकारी वकिलले आफ्नो पक्षको तर्फबाट मुद्दाको मुख्य मुख्य तथ्यहरुलाई उल्लेख गरेर तयार गरी न्यायाधीश समक्ष पेश गर्नुपर्दछ ।

प्रमाणको भारः मानव बेचबिखन तथा ओसारपसार ऐनको दफा ९ अन्तर्गत अभियुक्तले आफूले उक्त अपराध गरेको होइन भनि प्रमाण बुझाउने अभिभारा निजकै हुन्छ ।

## चरण ११ फैसला प्राप्त गर्ने

### गैरसरकारी संस्था

गै.स.स.ले फैसलाको प्रमाणित प्रतिलिपि प्राप्त गर्न पीडितलाई सहयोग गर्ने ।

### **गैरसरकारी संस्था** (टिप्पणी)

फैसला सुनाइसकेपछि गै.स.स.ले फैसलाबारे बँधुवा मजदुरहरुलाई जानकारी दिने ।

### कानुन व्यवसायी

फैसलामा बोलेका कुराहरु, फैसलाको परिणामबारे कानुन व्यवसायीले पीडितहरुलाई बुझाउने ।

### **कानुन व्यवसायी** (टिप्पणी)

बँधुवा मजदुरको पक्षमा सो फैसला नभएमा पुनरावेदन गर्नका लागि सरकारी वकिलसँग सहकार्य गर्ने ।

## चरण १२ माथिल्ला तहको प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय वा राष्ट्रिय मानव अधिकार आयोग समक्ष उजुरी दर्ता गर्ने

### गैरसरकारी संस्था

यदि चरण २.१ मा उल्लेख भएबमोजिम बँधुवा मजदुरहरुको उजुरी सम्बन्धित प्रहरी कार्यालयले लिन अस्वीकार गरेमा उक्त उजुरी सो भन्दा माथिल्लो तहको प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा मानव अधिकार हननका उजुरीहरुमा राष्ट्रिय मानव अधिकार आयोग समक्ष दर्ता गर्न गै.स.स.ले सहयोग गर्ने ।



### **गैरसरकारी संस्था** (टिप्पणी)

गै.स.स.ले बँधुवा मजदुर सम्बन्धी उजुरी दर्ता गर्न कानुन व्यवसायीलाई उपयुक्त सूचना तथा जानकारी दिनुपर्दछ ।

### कानुन व्यवसायी

कानुन व्यवसायीले गै.स.स. तथा पीडितबाट प्राप्त गरेको जानकारी बमोजिम उजुरीको मस्यौदा तयार गरी दर्ता गर्न सहयोग गर्नुपर्दछ ।

### **कानुन व्यवसायी** (टिप्पणी)

कानुन व्यवसायीले उक्त उजुरी राष्ट्रिय मानव अधिकार आयोगको क्षेत्रीय कार्यालय वा काठमाडौंको केन्द्रिय कार्यालयमा पेश गर्ने तथा उक्त उजुरी सम्बन्धमा के कस्तो प्रगति भइरहेको छ जानकारी लिने ।

### ध्यान दिनुपर्ने कुराहरु

राष्ट्रिय मानव अधिकार आयोगको प्रकृयाः एक पटक यस आयोगमा उजुरी दर्ता भएपछि त्यसपछिका चरणहरु देहाय अनुरुप हुनेछन्-

पहिलो चरण १ः आयोगले उजुरी स्वीकार गर्नेछ ।

- गै.स.स.ले बँधुवा श्रम मजदुरहरुसँग समन्वय गरी आयोगको स्थलगत अनुसन्धान प्रतिवेदन तयार गर्न सहयोग गर्नुपर्नेछ । त्यस्तै उक्त स्थलगत अनुसन्धान टोलीमा कानुन व्यवसायी पनि संलग्न भई उजुरी बारे संक्षिप्त रुपमा बताउनु पर्दछ ।

चरण २ः आयोगले उजुरीको अनुसन्धान स्वचालित रुपमा सञ्चालन गर्नेछ ।

- गै.स.स.ले मानव अधिकार आयोगलाई मानव अधिकार उल्लङ्घन सम्बन्धमा सूचना संकलन गर्न तथा पीडितसँग भेटघाट गरी यथार्थ जानकारी प्राप्त गर्नमा सहयोग गर्नुपर्छ भने कानुन व्यवसायीले यसरी संकलित तथ्य तथा सूचनाहरुको आधारमा पीडितको मानव अधिकार उल्लङ्घन भएको कानुनी रुपमा निष्कर्ष निकाल्नमा सहयोग गर्नुपर्दछ ।

चरण ३ः गै.स.स.ले राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिसहरुको कार्यान्वयन भए नभएको बुझिरहनुपर्छ ।

## चरण १३ उच्च अदालत समक्ष रिट/पुनरावेदन दायर गर्ने

### गैरसरकारी संस्था

गै.स.स.ले प्रचलित कानुन बमोजिम उच्च अदालतमा आवश्यक परेमा रिट वा पुनरावेदनपत्र दायर गर्न सहयोग गर्ने ।

### कानुन व्यवसायी

कानुन व्यवसायीले रिट निवेदन वा पुनरावेदनपत्रको मस्यौदा तयार गरी दायर गर्न सहयोग गर्ने ।

## ध्यान दिनुपर्ने कुराहरु

उच्च अदालतमा रिट निवेदन वा पुनरावेदनपत्र दायर गर्ने सम्बन्धमा देहाय बमोजिम सहयोग गर्न सक्नेछः

- गै.स.स.ले विपक्षीहरुको नाममा जारी भएको म्याद वा सूचना तामेल गर्न सहयोग गर्नुपर्छ । अन्य सरकारी कार्यालयहरुबाट प्राप्त हुने अभिलेखहरु अदालतले समयमै प्राप्त गरेको छ छैन सुनिश्चित गर्नुपर्छ ।
- अदालतमा मुद्दाको सुनुवाइ हुने पेशीमा उपस्थित हुन पीडित मजदुरहरुलाई सहयोग गर्न सक्छ । कानुनले बन्द इजलासबाट सुनुवाइ हुनुपर्ने वा पीडित महिला वा बालबालिका भई बन्द इजलासबाट सुनुवाइ गर्न आवश्यक भएमा बन्द इजलासबाट सुनुवाइ गर्न निवेदन दिन सहयोग गर्नुपर्छ ।
- कानुन व्यवसायीले अदालतमा बँधुवा मजदुरहरुको तर्फबाट प्रतिनिधित्व गर्नुपर्छ भने बहसको तयारीको लागि सरकारी वकिलसँग समन्वय गर्नुपर्छ ।
- गै.स.स.ले फैसलाको नक्कल प्राप्त गर्न बँधुवा मजदुरहरुलाई मद्दत गर्नुपर्छ र फैसलामा उल्लेख भएको निर्णयहरुबारे जानकारी गराउनुपर्छ तथा फैसलाको कार्यान्वयनमा सहयोग गर्नुपर्छ ।
- कानुन व्यवसायीले फैसलाभित्रको विषयवस्तु तथा परिणामबारे बँधुवा मजदुरहरुलाई संक्षेपमा जानकारी गराई सो बमोजिम गर्न तयारी गर्नुपर्छ ।
- गै.स.स.ले फैसलाको कार्यान्वयनको लागि समयमै निवेदन पेश गर्न बँधुवा मजदुरहरुलाई सहयोग गर्नुपर्दछ ।

# चरण १४ सर्वोच्च अदालतमा रिट निवेदनपत्र/पुनरावेदनपत्र दायर गर्ने

## गैरसरकारी संस्था

गै.स.स.ले आवश्यक परेको खण्डमा सर्वोच्च अदालमा रिट निवेदन, पुनरावेदन र सार्वजनिक सरोकारको मुद्दा दर्ता गर्न कानुन व्यवसायीलाई सहयोग गर्ने ।

## कानुन व्यवसायी

कानुन व्यवसायीले सर्वोच्च अदालतमा रिट निवेदन, पुनरावेदन र सार्वजनिक सरोकारका विषयमा निवेदनको मस्यौदा तयार गरी दायर गर्न सहयोग गर्ने ।

## ध्यान दिनुपर्ने कुराहरु

देहायका तीन किसिमको निवेदनको माध्यमबाट सर्वोच्च अदालतमा प्रवेश पाउन सकिन्छः

- उच्च अदालतबाट भएको फैसला विरुद्ध पुनरावेदन दायर गरेर ।
- प्रचलित कानुन बमोजिमको उपचार अपर्याप्त तथा न्याय नमिलेकोमा सो विरुद्धको रिट निवेदन लिएर र
- बँधुवा मजदुरको समुदायको विषय र अधिकारलाई प्रतिनिधित्व गरी सार्वजनिक सरोकारको विषयमा रिट निवेदन दायर गरेर ।

### पहिलो चरणः सर्वोच्च अदालतमा पुनरावेदन दायर गर्न मिल्ने वा नमिल्ने बारे मूल्याङ्कन गर्नुपर्छ ।

- न्याय प्रशासन ऐन, २०७३ अनुसार उच्च अदालतले सुरु अधिकारक्षेत्र अन्तर्गत कारवाही भई सुनुवाइ गरी फैसला गरेको मुद्दा वा उच्च अदालतबाट सुरु अदालतले वा अन्य पदाधिकारीले गरेको फैसला उल्टी गरेको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने व्यवस्था गरेको छ । यस्तै वैदेशिक रोजगार न्यायाधिकरण तथा विशेष अदलतबाट निर्णय भएका मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्छ ।
- नेपालको संविधानले कुनै पनि व्यक्तिलाई संविधानले प्रदान गरेको मौलिक हकको कार्यान्वयनको लागि वा पीडित पक्षहरुको तर्फबाट सार्वजनिक सरोकारको विषयमा रिट निवेदन दायर गर्न अनुमति प्रदान गरेको छ ।
- उपचार प्राप्त गर्नेको लागि यी अन्तिम उपाय हो भन्ने कुरा स्मरण गर्नुपर्छ ।

### दोस्रो चरणः अदालती प्रकृयाको अनुसरण गर्ने र सबै सुनुवाइहरुमा उपस्थित रहनुपर्ने ।

- गै.स.स. तथा कानुन व्यवसायी सुनुवाइको समयमा उपस्थित हुनुपर्छ र सबै अदालती प्रकृयाको अनुसरण गर्नुपर्छ। पुनरावेदन वा रिट निवेदनको रुपमा मुद्दालाई अगाडि बढाउँदा अदालतले सामान्यतया कुनै प्रमाण ग्रहण गर्दैन। तर सर्वोच्च अदालतले सम्बन्धित निकायहरु र स्थानीय निकायहरुलाई मुद्दाको मिसिल पेश गर्न आदेश दिन सक्छ ।



- यदि कुनै पक्ष तोकिएको मितिमा अदालतसमक्ष उपस्थित हुँदैन भने कानुन व्यवसायीले अदालती प्रकृयामा त्यस्तो पक्षको उपस्थितिलाई नियमित गर्न ३० दिनभित्र निवेदन पेश गर्नुपर्छ ।

### तेस्रो चरणः बहस र सुनुवाइ

- गै.स.स.ले बहसको तयारीमा कानुन व्यवसायीलाई आवश्यक जानकारी वा कुनै नयाँ कुराहरु भए सो बारेमा जानकारी दिनुपर्छ ।
- कानुन व्यवसायीले सर्वोच्च अदालतसमक्ष मुद्दाको तथ्य, कानुनी व्यवस्थाहरु र खोजिएको उपचारबारे वर्णन गर्दै बहस गर्नुपर्छ ।

### चौथो चरणः फैसला कार्यान्वयन

- गै.स.स.ले फैसला कार्यान्वयनको लागि समयमै निवेदन दर्ता गर्न बँधुवा मजदुरहरुलाई सघाउनु पर्छ। फैसला कार्यान्वयन नभएको अवस्थामा गै.स.स.ले कानुन व्यवसायीको सहयोग लिई आवश्यक पहल गर्नुपर्छ ।

JUSTICE VENTURES INTERNATIONAL